# शहिद लखन गाउँपालिकाको

# मदिरा (नियन्त्रण, व्यवस्थापन तथा नियमन) ऐन, २०७७

# लाई संशोधन गर्न बनेको विधेयक, २०७९

शहिद लखन गाउँपालिका

गोरखा

# शहिद लखन गाउँपालिकाको मदिरा (नियन्त्रण, व्यवस्थापन तथा नियमन) ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक, २०७९

**प्रस्तावनाः** शहिद लखन गाउँपालिकाको मदिरा (नियन्त्रण, व्यवस्थाप तथा नियमन) ऐन,२०७७ लाई संशोधन गर्न बाञ्छनिय भएकोले , शहिद लखन गाउँपालिका, गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " शहिद लखन गाउँपालिको मदिरा (नियन्त्रण, व्यवस्थापन तथा नियमन) (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **शहिद लखन गाउँपालिकाको, मदिरा (नियन्त्रण, व्यवस्थाप तथा नियमन) ऐन,२०७७ मा थप गरिएकोः** शहिद लखन गाउँपालिकाको मदिरा (नियन्त्रण, व्यवस्थाप तथा नियमन) ऐन,२०७७ (यस पछि मूल ऐन भनिएको) को परिच्छेद-५ थप गरिएकोः

## परिच्छेद ५

## मदिरा उत्पादन र उपभोगको अनुमति लिनुपर्ने

**१२. अनुमति लिनुपर्नेः** (१) यस गाउँपालिका भित्र विभिन्न धर्म, जाति र संप्रदायका मानिसहरुको वसोवार रहेकोमा जातिय परम्परा अनुसारको संस्कार लाई मध्य नजर गरी स्थानीय स्तरमा मदिरा उत्पादन लाई व्यवस्थित गर्न वाञ्छित रहेकाले उत्पादनको व्यवस्थित प्रवन्ध मिलाईने छ।

(२) आफ्नो जातिय परम्परा अनुसारको पर्व व्यवस्थापनको लागि मदिरा उत्पादन गर्न पर्ने परम्परागत संस्कार रहेको जाति वा संप्रदायले मदिरा उत्पादन गर्न पर्ने कारण सहित निवेदन सम्वन्धित वडा स्थित रहेको वडा स्तरिय मदिरा व्यवस्थापन समितिमा पेश गर्नपर्ने छ ।निवेदनमा कुन पर्वका लागि कति परिमाणमा उत्पादन गर्ने हो सो स्पष्ट खुल्ने गरी निवेदन मा पेश गर्नुपर्ने छ ।

(३) निवेदनमा माग भए अनुसारको मदिरा उत्पादनको अनुमतिका लागि वडा स्तरीय मदिरा व्यवस्थापन समितिले जाचँ पडताल गरि पर्व व्यवस्थापनको लागि आवश्यक देखिन आएमा उत्पादनको उपभोग र नियन्त्रणको औचित्यता प्रष्ट पारी अनुमति प्रदान गर्न सक्ने छ । यसरी उत्पादनको अनुमति प्रदान गरेपछि गाउँ पालिका स्तरीय मदिरा व्यवस्थापन समितिलाई जानकारी गराई सोको अभिलेख राख्नु पर्नेछ।

(४) अनुमति प्राप्त भई उत्पादन गरीएको मदिरा सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्ने छ । यदि प्रयोजन भन्दा बाहिर प्रयोग गरिएको पाइएमा दफा ८ मा व्यवस्था भए बमोजिमको सजाय हुनेछ।